अनुग्रहको असल काम मेरो जीवनमा नै
स्वतन्त्र साथ गर्नुहोस काम आफ्नै
पवित्र आत्मा x ३ हामी स्वागत गर्छौं ।

G C G C D G
१०८.सुख्खा भयो मरुतुल्य के भो जीवन अमूल्य
C G C D G
कहाँ गयो हरियाली बाँझो भयो धर्ति
C Am C D G D
बर्षाऊ प्रभु बर्षाऊ फेरि आत्मा हामी माथि
C Am C D G
भर प्रभु भर फेरि जीवन यो खाली खाली

शैतान हाम्रो गर्छ उपहास, पठाऊ त्यो हुरी बतास
पाप हाम्रो गर्छौं स्वीकार, फर्काऊ हाम्रो अधिकार
हँसाउ प्रभु हँसाउ फेरि पुछ आँखा हाम्रो
सजाऊ प्रभु सजाऊ फेरि उजाड़ जीवन हाम्रो

E C#m F#m E
१०९.अभिषेक गर्नुहोस्, भर्नोस पवित्र आत्माले x २
A E A E
तपाईंको योजना बुझ्न, सहायता गर्नुहोस् x २
C#m E
नजीक हुन चाहन्छु, अति नजीक हुन x २
C#m E B7 A
नजीक हुन चाहन्छु, तपाईं कै, तपाईं कै, तपाईंकै

C F C
११०. यरुशलेमलाई पहाडहरुले घेरेझैं
F G
परमेश्वर घेर्छन् आफ्ना मानिसहरुलाई
C G F
घेर्नुहोस् हामीलाई प्रभु x २
G F C
तपाईंको उपस्थितिमा ल्याई,
F G C
घेर्नुहोस् हामीलाई प्रभु

D G Em
१११. हेरन हेर सृष्टिको सुन्दरता
A7 G A7
यसलाई बनाउने प्रभुको महानता
D G A7
धनी र गरीब दुबै मिलेर
D
भन्न सक्छन प्रभु धन्यवाद

D Bm D Bm
खेतका आलीहरु, अन्न र बालीहरु
D G Em D
बादल वृष्टि र बतासहरु x२
G Em D
चरा चुरुङ्गी उड्दै माथि आकाश छुँदा x२
D
बैकुण्ठै पुगिदिन्छ मन मेरो...

अनौठा बातहरु जीव जीवातहरु
उज्यालो दिन अनि रातहरु - २
असंख्य जातिहरु विभिन्न रीतहरु
उदेकले भरिन्छ यो मन मेरो

गरन गर ईश्वरको प्रशंसा
सम्पूर्ण हृदयको उपासना
मान्छे मान्छेको सब भिन्नता
मेटियो हेर उनको आँगनमा

C Em F A7
११२. आकासभन्दा उच्च उच्च छ नाउँ
F G F C
सागरभन्दा गहिरो गहिरो छ प्रेम
Em F A7
आसमानभन्दा विशाल विशाल अनुग्रह
Dm G C
छ हाम्रो प्रभु येशूको x२

C Am Em F G7 C
यसैले गर्छौं प्रशंसा गाउछौं महिमा उनै येशूको
C Am Em F A# C
यसैले गर्छौं प्रशंसा गाउछौं महिमा उनै येशूको

C Em
वाक्यले व्यक्त नहुने,
Am F C
भन्नलाई शब्द नपुग्ने प्रेम
C Em Am F C
आदिदेखि अहिलेसम्म समयले साक्षी दिएको प्रेम
Am Em Am Em
स्वर्ग छाडी आउनुभो, क्रुसैमा मर्नुभो
Am Em D G C
मृत्युलाई जित्नुभो हामीलाई मुक्ति दिनलाई

सारा सृष्टिले ढोग्नेछ सबै घुँडाहरु टेक्नेछन्
निर्वल बलियो हुनेछ लाटाले पुकार्नेछ त्यो नाउँ
अन्धाले देख्ने छ बहिराले सुन्नेछ
मुर्दा विउँतिने छ उनैलाई महिमा दिनलाई

Em C D Em
११३. हो जय जयकार, जय जयकार गरौं
Em
उनी हुन हाम्रा राजा राजा
दु:खबाट बचाउने त्राता
D
हामीलाई आफ्नो करुणा देखाई
Em D G
गर्दछन् उपकार
D
तन मन उनलाई अर्पण गरी
G
दिऔं आफ्नो अधिकार

उनमा छ जसको भरोसा भरोसा
उ लडदैन सदा सर्वदा
चाहे बिरामी, चाहे गरिवी चाहे होस् अकाल
सब संकट र सब कष्टबाट हुनेछ उ पार

स्वर्ग हो उनको सिंहासन सिंहासन
पृथ्वी बनेको छ आसन आसन
आकाशले उनको महिमा गर्दछ
देखाई हातका काम
सारा सृष्टि उनको रचना, उनकै हो प्रताप

D G D/A/D
११४. आदर र महिमा र (जय तपाईंलाई होस्) x३
D G D
आदर र महिमा र जय तपाईंलाई होस्
$A^7$ D
सिहासनमा तपाईंलाई
G D $A^7$ D
स्तुति, स्तुति सबैले भनून् स्तुति
G D $A^7$ G D
स्तुति, स्तुति सिहासनमा तपाईंलाई
D $A^7$ D
हल्लेलूयाह हल्लेलूयाह हल्लेलूयाह x२
D/G G/$A^7$ D/G $A^7$/D
हा... हा... हा... ल्लेलूयाह x२
D/A/D/G D
हल्लेलूयाह x४ आमेन
G D $A^7$ D $A^7$ D
हल्लेलूयाह आमेन, हल्लेलूयाह आमेन
D G D
हल्लेलूयाह आमेन, हल्लेलूयाह आमेन
D $A^7$ D
हल्लेलूयाह आमेन

E $B^7$ E
११५. पिता आराधना गर्छु
A $B^7$ E
मेरो जीवन अर्पण गर्छु
A $B^7$ E
म तपाईंलाई प्रेम गर्छु

येशू..., पवित्र आत्मा...

C F G C
११६. बदली गर्नोस मेरो हृदय्, सधैंको लागि साच्चै
F G C
बदली गर्नोस मेरो हृदय, हुन सकु तपाई जस्तै
$A^m$ C
तपाई कुमाले म हुँ माटो
$A^m$ G
बनाउनोस् मलाई तपाईंको भाडो

$E^m$ D
११७. उत्सव मनाउँछु गीत म गाउनेछु
$B^7$ $E^m$
नयाँ गीत म उनको गाउँछु x २
C D $E^m$ D $E^m$
स्तुति गर्छु, नयाँ गीत म उनको गाउँछु
$E^m$ $A^m$ $E^m$ D $E^m$
हल्लेलूयाहx२ हल्लेलूयाहx२ हल्लेलू हल्लेलूयाह

G D
११८. येशूको नाउँमा x२ विजय हाम्रो छ
G
येशूको नाउँमा x२ शैतान भाग्नेछ
C G
जब खडा हुन्छौं येशूको नाउँमा,
C G
भन को टिक्न सक्दछ ?
C G D G
येशूको शक्तिशाली नाउँमा, विजय हाम्रो छ

E A E
११९. म तपाईंलाई ख्रीष्टको प्रेमले प्रेम गर्छु
A $B^7$
म तपाईलाई ख्रीष्टको प्रेमले प्रेमले गर्छु
A $B^7$ E $C^{\#m}$
म तपाईंमा देख्दछु परमेश्वरको सुन्दरता
A $B^7$ E
म तपाईलाई ख्रीष्टको प्रेमले प्रेम गर्छु

G C
१२०. विश्वास गर निरास नहोऊ,
D G
ख्रीष्ट साँचो मित्र हुन
C D G
जस्तै दु:ख भए पनि उनले साथ दिनेछन्
D C G
दु:खको दिनमा गऔं, सुखको दिनमा गाऔं
D $E^m$ G D G
प्रतिदिन जहाँ पनि हामी गाउनेछौं

D
१२१. महिमा राजाहरुका राजालाई
$A^7$
महिमा, महिमा थुमालाई
D
महिमा राजाहरुका राजालाई
$A^7$ D
महिमा, महिमा थुमालाई
G $E^m$
सिहासनमा बिराजमान छन्
D $A^7$
धार्मिकताका परमेश्वर,
D G $E^m$
उनले हामीलाई बचाए
E A D
उनैसँग राज गर्न, उठौं...

धार्मिकताको खोजी गर्न, दिए उद्धारको पोशाक,
राष्ट्रहरुलाई प्रचार, गरौं उनको महिमा, उठौं...

E $B^7$
१२२. तपाई मेरो बल, मेरो शरणस्थान
A $B^7$ E
सङ्कष्टमा पाइने मेरो सहायक
$B^7$
सुरक्षीत छु म तपाईंको हालतमा
A $B^7$ E
गाउँछु सधै म तपाईंको महिमा
$B^7$
हाल्लेलूयाह, हाल्लेलूयाह
A $B^7$ E
सधै तपाईंलाई हाल्लेलूयाह ।

E $B^7$ D $B^m$ A
१२३. योग्य, योग्य, योग्य,
E $B^7$
योग्य छन् थुमा जो मारिए x२
$E^m$ D C
पवित्र प्रभु, पवित्र प्रभु, पवित्र प्रभु
$A^m$ D/E
सर्वशक्तिमान x२

ED E D E
१२४. पवित्र, पवित्र प्रभु, शक्तिमान प्रभु
D E D E
स्वर्ग पृथ्वी भरिन्छ उनको महिमाले
E DA E DA E
होसन्ना, होसन्ना, अति उच्चमा... x२

G C D
१२५. मेरो मन धन्य भन ममा जो जति छन्
G C G D G
उनको पवित्र नाउँलाई सबले धन्य भन
D
राजा हुन राजाहरुका, प्रभु हुन प्रभुहरुका
G C G D G
राजा हुन राजाहरुका, सधैँ सधैँको लागि

D $A^7$
१२६. नता बलले न शक्तिले, प्रभु भन्छन्
D $A^7$ D
मेरो आत्माले, यो पहाड हटिजानेछ
G D G D
यो पहाड हटिजानेछ, यो पहाड हटिजानेछ
$A^7$ D $A^7$ D
प्रभु भन्छन् मेरो आत्माले
यो आँधी थामीनेछ..., यो जुवा भाचिनेछ...

E A
१२७. जहाँ नदी बग्छ, त्यहाँ पूर्णता
E $B^7$
पिताको वासस्थानबाट बग्दछ
E A
येशू जीवन हुन उनी त्यो नदी
E $B^7$ E
जो आत्माद्वारा हामीबाट बग्दछन्

E $B^7$
१२८. तपाईंको नदी छेउ आउन दिनोस्
A E
तपाईंको नदी छेउ आउन दिनोस्
A
तपाईंको नदी छेउ आउन दिनोस्
E $B^7$ E
आउन दिनोस्, पिउन दिनोस, जीउन दिनोस्
तपाईको नदीबाट पिउन दिनोस् ...
तपाईंको नदीद्वारा जिउन दिनोस्....

E $B^7$
१२९. अनुग्रह छ सब ऋण चुकाउनलाई
A E
रगत सबै पाप मेटाउनलाई
A E $B^7$ E
शक्ति सधै शुद्ध राख्नलाई, मसीहमा छ ।

E A E A $B^7$ E
१३०. येशू जस्तै येशू जस्तै, हुन चाहन्छु येशूजस्तै
A E
थोरै नापमा होइन, उनको पूर्णतामा
$B^7$ E
हुन चाहन्छु येशूजस्तै

E
१३१. सूर्योदय देखि सूर्यास्तसम्म प्रभुको
$B^7$ E
प्रशंसा हुनुपर्छ
A E C
प्रशंसा गर उनका सबै सेवकहरु हो
A $B^7$ E
उनको नाउँको प्रशंसा,
A
उनको नाउँ धन्यको होस्
E C A $B^7$ E
अहिलेदेखि सदा सर्वदा

E A $B^7$
१३२. प्रभुको आनन्द मेरो बल हो
A E
प्रभुको आनन्द मेरो बल हो
A
प्रभुको आनन्द मेरो बल हो
E $B^7$ E
प्रभुको आनन्द मेरो बल हो
हाँसोले भरिन्छ मेरो मुख हा हा हा.. x४
प्रभुको आनन्द मेरो बल हो
हा... हा.... हा... हाल्लेलूयाह x४
प्रभुको आनन्द मेरो बल हो

E A E
१३३. धन्यवाद येशू x२ धन्यवाद प्रेमको लागि
E (A) E $B^7$ E
धन्यवाद येशू x२ धन्यवाद प्रेमको लागि
कलभरी जानुभो त्यहाँ तपाईं मर्नुभो
धन्यवाद प्रेमको लागि x२
तपाईं जिई उठनुभो नयाँ जीवन दिनुभो
धन्यवाद प्रेमको लीग x२

G C D G
१३४.येशू येशू मेरो जीवनको स्वामी
C D
येशू येशू मेरो जीवनको किल्ला x२
G C G
धन्यवादको भेटी लिई आउँदछु
C D G(D) C(G)
तपाईको त्यो चोक भित्र, ताली बजाउदै x२

येशू येशू मेरो जीवनको राजा
येशू येशू ख्रीष्ट मेरो मुक्तिदाता x२
हल्लेलूयाह गाउँदै म पस्नेछु
अनुग्रहको सिहासन अघि, पवित्र हात उचाल्दैx२

E $B^7$ A E
१३५. मैले निश्चय गरेको छु रमाउन येशूमा
A $B^7$ A $B^7$ E
मैले निश्चय गरेको छु विश्वास गर्न उनैमा
E A
चाहे दाखको बोटमा फल नफलोस्
$B^7$ E
चाहे मेरो जीवनमा सफलता नहोस्
मैले निश्चय गरेको छु रमाउन येशूमा
मैले निश्चय गरेको छु विश्वास गर्न उनैमा
चाहे हास्न परोस्, चाहे रुन परोस्
चाहे बाच्न परोस्, चोहे मर्न परोस्

B $F^{\#}$
१३६. शिखरहरु हिउँले ढाकेझैँ
B $F^{\#}$
यो भुमिलाई वचनले ढाक्नै पर्छ
E B
किनारहरु बालुवाले ढाकेझैं x२
E B $F^{\#}$ B
यो पुस्तालाई येशू चिनाउनै पर्छ x२

B E B $F^{\#}$ B
निरास छन् पहाडमा सानी ठूलीहरु
E B $F^{\#}$ B
अशान्त छन् तराईमा सँ इला माइलाहरु
$F^{\#}$ E B
चौबाटोमा सबै जना बाटो खोजिरहेछन्
A $F^{\#}$ B
येशू नपाइ मान्छेहरु मृत्यु पर्खिरहेछन् x२

रोएका छन् शहरमा घर घरानाहरु
भुलेका छन् पापैमा हाम्रा मानिसहरु
दोधाटोमा सबै जना अल्मलीरहेका छन्
येशू नपाई मान्छेहरु मृत्यु पर्खिरहेछन्

C G F C F
१३७. हात फैलाई माया गरेर ढाक्छन् हामीलाई
G F C
भन्छन् येशू राजा सुन सबै नानीलाई
F G
जीवनको मुकुट तिम्रै हो आऊ थाप्नलाई
C G
कोही नरोक साना बालकलाई
C G C
(मथाइँ आउनलाई) x२

C F
नानी हामी साना छौं
G C
प्रभुका लागि प्यारा छौं x२

F G C
यो सानो मनमा, सबै जीवनमा x२
F C
प्रभुको राज्य सधैं होस
G C
उहाँको बास भैरहोस् x२

आकाशका धेरै ताराहरु झैं
मैदानका सबै फूलहरु झैं x२
नानी हामी धेरै धेरै छौं x२
प्रभुको लागि प्यारा छौं,
उहाँकै भएर जिउनेछौं x२

C F G C F
१३८. येशू येशू प्रेम गर्दछु, प्रेम र भक्तिको
G C G
योग्य तपाईं
C F G C F
येशू येशू प्रेम गर्दछु, प्रेम र भक्तिको
G C
योग्य तपाईं

G C D G
१३९. माथि शिर उठाउ, आउने राजालाई
C D
दण्डवत गरौं, भक्ति चडाऔं गाऔं हो गाऔं
G C D G
उनको वैभवलाई, हाम्रो स्तुति सधैँ
C
होस पवित्र महिमाको योग्य
D G
राजाहरुका राजालाई

G C D
१४०. प्रभु उचाल्छु तपाईंको नाउँ,
G C D
स्तुति गाउन चाहान्छु तपाईंको
G C D
खुशी छु तपाईं हाम्रो जीवनमा,
G C D
आउनुभो हामीलाई बचाउन
G C D C G
आउनुभो स्वर्गबाट पृथ्वी, बाटो देखाउन
D C G
पृथ्वीबाट क्रूसमा हाम्रो ऋण चुकाउन
D Em C
क्रूसबाट चिहानमा, चिहानबाट आकाशमा
D G
उचाल्छु तपाईंको नाउँ

G C G C D
१४१. धन्यवाद चढाउछु प्रभु, मानिसहरुको बीचमा
Em D C G
स्तुति गाउँछु जाती जातीको माझमा
C G
महान छ तपाईंको दृढ प्रेम
C D
आकाश सम्मै त्यो महान छ
Em C D
र तपाईंको विश्वास योग्यता, छ बादल सम्मै
C D G D
उचालिनुहोस् हे प्रभु सारा आकाश माथि
C D G
तपाईंको महिमाले ढाकोस् पृथ्वी x २

E F#m
१४२. तपाईंको स्तुति गर्न (गर्नेछु)
B A E B C#m
तपाईंको नाउँ महिमित पार्नलाई (पार्नेछु)
A B E B E
हरेक स्थितिमा धन्यवाद भन्नको लागि
E F#m
तपाईंलाई प्रेम गर्न (गर्नेछु)
B A E B C#m A
तपाईंको आराधना र आज्ञा पालन गर्न
B E B E
तपाईंको लागि म बनिए ।

D Bm
१४३. परमप्रभु अघि बढ्दैछन्
D Bm
उनको सेना सदा बलियो छन्
G A Bm
उनको महिमा यस देशमाथि देखिनेछ ।
D Bm
स्वर उचाल्दै जयको गान गाऔं
D Bm
स्तुति गरौं बिजय भएकाछौं
G A Bm
कुनै हातहातियार काम लाग्नेछैन ।
G D
हामीहरुको शेनापति येशू हुन्
G D
हामी उनको पाइला पछ्याउँदछौं
G A Bm
कोही अघि खडा हुन सक्नेछैन ।

हामी मसिही सेना हौं
जयको साँचो उनको हातमा छ ।
प्रतिज्ञाको देश लिन अघि बढौं ॥

A
१४८. प्रभु तपाईंको प्रेमको उज्यालो,
चम्किरहेछ जहाँ छ अध्यारो
D E C#m F#m
येशू तपाईंको वचनको तेजले,
D E C#m F#m
जीवन हाम्रो स्वतन्त्र गराउँनोस्
D E
ममा चम्कनुहोस् x २

A
चम्कनोस येशू
D E D E
यस देशलाई पिताको महिमाले ढाक्दै
A
दन्काउनोस् आत्मा
D E
हाम्रो हृदयमा आगो जालउँदै
A
बगाउनोस् नदी
D E D E
यस देशमा अनुग्रह र दयाको बाढी
A D E A
पठाउनोस् वचन र यहाँ होस् उज्यालो

प्रभु म आउँछु तपाईंकहाँ,
अन्धकारबाट त्यो उज्यालेमा
तपाईंको रगतले मलाई भित्र्याउँनोस्,
खोज्नोस्, खार्नोस्, अन्धकार हटाउँनोस्,
ममा चम्कनोस् x २

जब हेर्छौं राजकिय उज्यालो,
हाम्रो अनुहार हुन्छ तपाईंको जस्तो
महिमाबाट महिमामा बदलिन्छौं,
हाम्रो जीवनले तपाईंलाई चिनाउँछौं
ममा चम्कनोस् x २

E B E
१४५. सिंहासनमा विराजमान हुने
B E
परमेश्वरको प्रजा हामी
A
आउ उनलाई पुजौं भक्ति साथ
B E
कहिल्यै छोड्ने छैनन् हाम्रो हात
A
उहाँको रगतले धोइ पखालेको पवित्र जाति
B
आदर प्रशंसा योग्य
E
परमेश्वरको पुजाहारी हामी x २
B E
सनातनदेखि सनातन सम्म, आउ उनलाई...

झरि, घाम र छायाँको सामना गरौं आज हामी
सबै नयाँ भएका स्वदेशमा जानेछौं हामी x २
बादल पारिको उहाँको देशमा,
आऊ उनलाई पुजौं...

C G
१४६. येशूलाई उचालौं हे यूवा हो
F C
उनको नाउँलाई भजौं हे यूवा हो... x२
G F G C
स्तुतिको योग्य हाम्रा प्रभु उनी हुन येशू x२

D $A^7$ G $A^7$ D
१४७. म मेरै होइनँ, म मेरै होइनँ
$D^7$ G D $E^m$ D $A^7$ D
किनिएको रगतले, म मेरै होइनँ
येशूकै हुँ म, येशूकै हुँ म
किनिएको रगतले, येशूकै हुँ म

G C D G
१४८. तपाईंको मुहार ममाथि चम्काउनुहोस्
C D G
तपाईंको सुन्दरताले मेरो जीवन ढाक्नुहोस्
C D C D
तपाईंको रुपमा बदली हुनचाहन्छु x २
C D G D
तपाईं जस्तै मलाई बनाउनुहोस् x २

D G A
१४९. विजयता छ मेरो ख्रीष्टमा, क्षमा कारण उनी टागिए
G $A^7$ D
पूर्णता छ मरो जीवनमा छुटकारा उनैको जीवनले
G D
उनैसंग राज्य गर्दैछु, सबै शैतानको शक्तिलाई जित्दै
$A^7$ D
प्रभु र राजा ख्रीष्टसंग जिउदैं ।

$E^m$ D $E^m$ D $E^m$
१५०. होसन्ना, होसन्ना, होसन्ना महिमा स्तुति प्रशंसा
D GC G D $E^m$
आज अनि सदासर्वदा, आमिन x२
E A E $B^7$
होसन्ना, होसन्ना, होसन्ना महिमा स्तुति
E A E $B^7$ E
प्रशंसा, प्रशसा, आज अनि सर्वदा
E A $B^7$
आऔं हामी सबै मिली गाऔं स्तुति उनैको x२
A $B^7$
उनैलाई भक्ति आदर महिमा
E
सधैं चढाऔं हाम्रो जीवनमा x२
E(A) E $B^7$
होसन्न हल्लेलूयाह x२ होसन्ना महिमा स्तुति
E A E $B^7$ E
प्रशंसा हल्लेलूयाह, प्रशंसा आज अनि सर्वदा

B E B
१५१. यी दिन हुन एलियाको झैं, वचन प्रचार गर्ने
E
यी दिन हुन प्रभुको दास मोशाको झैं
B
धार्मिकता स्थापित गर्ने
F# G#m
यस्तै यी दिन हुन ठूलो परिक्षा
E F#
अनिकाल लडाईका
B E
हामी हौं उजाड स्थानमा कराउने
B F# B
स्वर प्रभुको बाटो बनाउ

B E
हेर उनी आउँछन वादलमा
B F#
सूर्य झैं चम्कदै तुरहीको आवाजमा
B E
चर्को गरी कराउ छुट्काराको वर्ष
B F# B
सियोनबाट अझैं आउछ उद्वार

यी दिन हुन इजकिएलका झैं
सुख्खा हड्डी शरीर बन्ने
यी दिन हुन प्रभुका दास दाउदको झैं
प्रशंसा गर्ने मन्दिर बन्ने
अनि यी दिन हुन कटनीका
संसारका खेतहरु
हामी हौं प्रभुका खेतका खेताला
वचन घोषणा गर्ने

B .... /E/ B/F# /
यहोवे झैं छैन ईश्वर.....

E A E
१५२. चाँडै धेरै चाँडै हामी हाम्रो राजालाई भेट्नेछौं
B A E
चाँडै धेरै चाँडै हामी हाम्रो राजालाई भेट्नेछौं
E A E
चाँडै धेरै चाँडै हामी हाम्रो राजालाई भेट्नेछौं
A E B E
हल्लेलूयाह, हल्लेलूयाह हामी हाम्रो राजालाई भेट्नेछौं

खुशी हुनेछौं, हामी हाम्रो राजालाई भेट्नेछौं
मृत्यु हुदैन, हामी हाम्रो राजालाई भेट्नेछौं
रुवाइ हुँदैन, हामी हाम्रो राजालाई भेट्नेछों
हल्लेलूयाह...

G D
१५३. यी ओठले सदा तपाईंको प्रशंसा गाइरहुन्
G
यी आँखाले सदा तपाईंलाई खोजिरहून्
मेरा यी हृदयले सदा
C
तपाईंको प्यारको चाहना गरोस्
G D G
यी मेरा दुइ हातहरुले प्रेमको खातिर सेवा गरुन्
D G
परम परमेश्वरलाई धन्यवाद सदा
D G
मर्नुभो क्रूसमा म जस्तोले गर्दा
D G
भुल्ने म छैन प्रेमको बलिदान
D G
प्रशंसा जयजयकार ईश्वर महान् x२

B E B
१५४. सबै जातिका परमेश्वर,
F#
सारा पृथ्वी र स्वर्गको मालिक x २
E F# B
तपाईंको नाउँ उच्च पार्छौं,
E F# B
तपाईंको शक्तिको बढाइ गर्छौं
E F# B
सारा संसारले येशूलाई चिन्नुपर्छ
E F# B
सारा मानिसले येशूलाई पूज्नुपर्छ
E F#
कारण तपाईं मात्र राजा र प्रभु
E F# B
एकमात्र परमेश्वर ।

G D C
१५५. प्रभु आत्मा खन्याउनोस्
G C
संसारका सब मानिसहरुमा
Am D C D
तपाईंका छोरा छोरीले बोलून् अगमवाणी
G D C
सपना र दर्शन पठाइ,
G C
आफ्नो हृदय दर्शाउनुहोस्
Am D C
विश्वास बढिरहेछ, स्वर्गले गुन्जाओस्
D
तपाईंको आउने दिन

G
अब ठूलो जगाउने काम हुनेछ
C $A^m$ D
अब ठूलो जागृती आउनेछ यस देशमा
G C G
अब ठूलो जगाउने काम हुनेछ र ज-जसले
C G C G DG
येशूलाई पुकार्छन् ती सब बाँच्नेछन्

प्रभु आत्मा खन्याउनुहोस्,
संसारका सब राष्ट्रहरुमा
तपाईंको महिमा देखेर, ती सबले दण्डवत गरुन्
प्रभु देखाउनोस् शक्ति, स्वर्ग पृथ्वी हल्लाई
संसार पर्खिरहेछ सृष्टिले देखून्
तपाईंको आउने दिन

G $D^7$ C
१५६. मलाई तपाईको खाचो छ,
G D C G D C
हात प्रेमको बढाउनुहोस्, सिंहासनबाट आउनुहोस्
G D C G
नदी प्रेमको बहाउनुहोस्, हे येशू
C G
तपाईको उपस्थितिमा डोऱ्याउनुहोस्
$D^{SUS}$ C G
मेरो हृदय र आत्मा छुनुहोस्
$E^m$ $A^m$ C G $A^m$ C G
नयाँ आशा भरोसा, नयाँ चङ्गाइ र मुक्ति दिनुहोस्

तपाईंको स्वतन्त्रताभित्र लानुहोस्
मेरो हृदय र आत्मा फुकाउनुहोस्
नयाँ आनन्द र खुशी,
नयाँ चङ्गाइ र शक्ति भर्नुहोस्

E A $B^7$ E A $B^7$ E
१५७. महान प्रभुलाई महिमा, परमप्रभुलाई प्रशंसा
A $B^7$ $C^{\#m7}$
यो मेरो जीवनको चाहना
A $B^7$ E A $B^7$ E
हल्लेलूयाह होसन्ना, हल्लेलूयाह होसन्ना

E
१ वर्तमान मेरो तपाईंको हातमा,
$C^{\#m7}$ $B^7$
भविष्यपनि तपाईंको साथमा
A $B^7$ E A $B^7$ E
आनन्दित छु, शान्तिमा छु, प्रभुहरुका प्रभुमाx२

२ सर्वाङ्ग मेरो येशूको हातमा
अर्पण गर्छु, धन्यवाद साथमा
निश्चिन्त छु, निर्धक्क छु, राजाहरुका राजामा x२

D
१५८. अनन्तकालसम्मै होस् तपाईको महिमा
G D G D $A^7$
अनन्तकालसम्मै होस् तपाईको महिमा x२
D $A^7$
हे ईश्वर, हे पिता
G $A^7$ D $A^7$
हे पुत्र येशू ख्रीष्ट, हे आत्मा पवित्र
G $A^7$ D
युगानुयुग होस्, महिमा तपाईंकै ।

G C $A^m$
१५९. एउटै बनाउनुहोस्, एउटै बनाउनुहोस्
D G
एउटै बनाउनुहोस, हामीलाई x२
१. एउटै बनाउनुहोस् पिताको नाउँमा
२. एउटै बनाउनुहोस् येशूको नाउँमा
३. एउटै बनाउनुहोस् पवित्रात्मामा

D
१६०. चुप लाग, जान म ईश्वर हुँ
G $E^m$ $A^7$
चुप लाग, जान म ईश्वर हुँ
D $A^7$ D
चुप लाग, जान म ईश्वर हुँ

१. म प्रभु तिमीलाई बचाउने

२. म प्रभु तिमीलाई बचाउने

२. म प्रभु तिमीलाई निको पार्ने

३. मप्रभु तिमीलाई प्यार गर्ने

G D
१६१. सधैं आनन्द गर यो प्रभुको इच्छा हो
G
सधैं आनन्द गर यो प्रभुको इच्छा हो
C
सधैं आनन्द गर यो प्रभुको इच्छा हो
G D G
ख्रीष्ट येशूमा तिम्रो लागि

निरन्तर प्रार्थना गर... x ३

सब थोकमा धन्य भन... x ३

F
१६२. आउ चुनिएका जाती
$B^b$ C
परमेश्वरको सिंहासन अघि
$B^b$
एकै मनको भई, ठूलो स्वर निकाली
F C F
हाम्रो प्रभुको गाऔं (स्तुति) x२
$B^b$ C
ताली बजाउदै उनको सामने आऔं
F $B^b$
बडाई गरौं हाम्रो येशूको
C
नाच्दै हामी उनको अघि जाऔं
F
उत्सव मनाउ हाम्रो राजाको

F $B^b$ C F
१६३. हे मेरो मन परमप्रभुलाई धन्य भन् x२
$B^b$ C $B^b$ C
उहाँको करुणा मेरो जीवनमा
$B^b$ C F
फेरी देआउनुभो आज विहान x२
F $B^b$ C F
हे मेरो मन परमप्रभुलाई धन्य भन्

G C G
१६४. तपाईं मेरो परमेश्वर सधैं राज्य गर्नुहुन्छ
D
शैतानको शिर कुच्याई
G
तपाईंको जय भएको छ
C G
मेरो सारा बलले यो घोषणा गर्नेछ (२)
C D G
मेरो उद्धारक जीवित हुनुहुन्छ (२)

$D^m$ C $D^m$ C
१६५. तपाई मेरो परमेश्वर, तपाई मेरो उद्धारक
$D^m$ C $D^m$ C
तपाईं मेरो भरोसा, तपाईंमा म रमाउँछु
F C $D^m$
म मग्न हुन्छ तलाईमा (३)

D $A^7$ G $A^7$ D
१६६. नजीक, नजीक, नजीक आउँछु तपाईंको
$A^7$ G $A^7$ D
तृप्त, तृप्त बनाउनुहोस् मलाई प्रेमले
$A^7$ G $A^7$ D
नजीक, नजीक अङ्गाल्नोस् मलाई प्रेमले
G $A^7$ $B^m$ G $A^7$ D
(हृदय अझ तृषित छ, पिउन प्रेम तपाईंको) २
G $A^7$ D G $A^7$ D
हात बढाउनुहोस् प्रेमको, बढाउनोस् कोठा हृदयको
G $A^7$ D
अटाउन प्रेम तपाईंको (२)

E A E
१६७. तपाईं मात्र हाम्रो परमेश्वर
A E
अरु छैन हाम्रो परमेश्वर
E A E
यसैले म गाउनेछु,
तपाईं मात्र हाम्रो परमेश्वर x२

यसैले म उचाल्दछु x२, तपाईं मात्र

G D C G
१६८. जीवनको नदि बगाउनुहोस्, प्रभु मेरो जीवनमा
D C G
मलाई जागृत गराउनुहोस्, पवित्र आत्मामा
$A^m$ D G
बदलिन चाहन्छु, प्रभु तपाईंको रुपमा
C G C G
पिताको लागि फल फलाउने जीवन जिउन चाहन्छु
C G D G D
मेरो जीवनबाट तपाईंलाई अल्याउन चाहन्छु

E B
१६९. स्वतन्त्र गराउनुहोस् पवित्र आत्मा हामीलाई
A B A E
गाउन गीत आराधनाको येशूलाई
B A B E
आराधना गर्न हृदयले प्रेम गर्न शक्तिले x २

E $F^{\#m}$ A B E
१७०. तपाईं मेरो प्रभु, तपाईं मेरो राजा
$F^{\#m}$ A B E
तपाई अति महिमित पृथ्वी र स्वर्गमा
$F^{\#m}$
आराधना गर्छु म तपाईं प्रभु येशूलाई
A B E
महिमित पार्छु म, तपाईंको नाउ ।

E A E $B^7$
१७१. कस्तो बदलाउ ममा, कस्तो बदलाउ ममा
E A E $B^7$ E
कस्तो बदलाउ ममा, जब येशूकहाँ गए

सधैं खाने थोक, खान छोडे(३) जब येशूकहाँ गए
सधैं पिउने थोक पिउन छोडे(३) जब येशूकहाँ गए
सधैं जाने ठाउँ जान छोडे (३) जब येशूकहाँ गए

$D^m$ $B^7$
१७२.धन्य जो परमप्रभुको नाउँमा आउँछन् x २
G $D^m$ G $D^m$
धन्य जो परमप्रभुको नाउँमा आउँछन् x २
C $D^m$ C $D^m$
हल्लेलूयाह, हल्लेलूयाह x २

बारुक हावा वेशेम आडोनाइ, हल्लेलूयाह x २
बारुक हावा वेशेम आडोनाइ,
हल्लेलूयाह, हल्लेलूयाह x २

G C G D G
१७३.पवित्र आत्मा आउनुहोस् हामीमा x ३
C $E^m$ G C D G
हृदयको द्वार खोली बोलाउछौं तपाईंलाई x २

शान्तिको आत्मा आउनुहोस् हामीमा...
चङ्गाइको आत्मा आउनुहोस् हामीमा...

C G
१७४. परमेश्वरको चोखो वेदीमा
C G C
चढाउँछु यो मेरो जीवन
F G C G C
मेरो सारा हृदयले तपाईंलाई महिमा होस्।

C F
मेरो परमेश्वर मेरो सहारा,
G C
तपाईंको वचन मेरो ज्योति
F G C
अन्धकारमा पनि ज्योति दिने
$G^7$ C
तपाईंलाई महिमा होस्।

उचाल्छु मेरा यी दुई हात
धन्यवादको भेटी दिनलाई
मेरो सारा हृदयले तपाईंलाई जयजयकार होस्।

C F G C
१७५. डाडाँ, पाखामा सुभ-समाचार ल्याउने पाउ
G C
कति सुन्दर, कति सुन्दर
F G C
जसले खुशी र शान्तिको धोषणा गर्छन्
$G^7$ C
हाम्रो प्रभु राज्य गर्छन्,
F G C
हाम्रो प्रभु राज्य गर्छन x २

E $B^7$ E
१७६. धन्य होस् तपाईंको नाउँ x ४
A E
तपाईं हाम्रो चट्टान x २, हाम्रो प्रभु

येशूले राज्य गर्छन् पृथ्वीमा x ४
यो विश्व नै परमप्रभुको हातमा छ x २

E B
१७७. जागृति पठाउनुहोस् हे हाम्रा स्वर्गीय पिता
A
तपाईंको नाउँ पवित्र होस्,
E B E
तपाईंको राज्य आओस्
तपाईंको नाउँ पवित्र होस्,
B
तपाईंको राज्य आओस्
A
तपाईंको इच्छा जस्तो स्वर्गमा छ
E B E
त्यस्तै यस नेपालमा पूरा होस्।
E
म पाँचै बजे उठ्नेछु, स्तुति प्रशंसा चढाउनेछु
B
येशूको नाउँलाई महिमित पार्नेछु,
मरिरहेका आत्माको मुक्ति र उद्धारको लागि
E
अन्तरबिन्तीको प्रार्थना चढाउनेछु।

म भाले बास्दा उठ्नेछु,
स्तुति-प्रशंसा चढाउनेछु
येशूको नाउँलाई महिमित पार्नेछु,
लाखौं लाखौं मानिसले येशू प्रभुलाई ग्रहण गरि
मुक्ति र उद्धार पाएको म देख्नेछु।

G C D G
१७८. उचालिनुहोस् मेरो जीवनमा
G D
खन्याउनोस तपाईको आत्मा
G
देखाउनोस तपाइको महिमा

G
मेरा हात फैलाइ गुहारछु तपाईंलाई
C D
जागृति पठाऊ हे प्रभु
G C D G
आउनुहोस् आफ्नो शक्तिमा
G D G
मलाई निको पार्न मलाई जागिृत गराउन

D
१७९. भन भन सबैले हल्लेलूयाह
G A7 D
हल्लेलुयाह, हल्लेलूयाह x २
D G
खीष्टको प्रेम अति ठूलो छ कठोर पापी हृदय तोड्ने
A D
अन्धकारमा लुकिबस्ने मान्छेलाई खोजी भेट्टाउने
खीष्टको प्रेम अति धेरै छ संसारले दिनै नसक्ने
खुशी उनको अचम्मको छ, खोजेर खोज्नै नसक्ने

Em C D Em
१८०. धेरै प्रेम, धेरै शक्ति, तपाईं बढ्नुहोस् ममा
Em D Em
आराधना गर्छु मेरो सारा हृदयले
Em D Em
आराधना गर्छु मेरो सारा बलैले
C D Em
तपाईं मेरो परमेश्वर

तपाईंलाई खोज्छु मेरो सारा हृदयले
तपाईंलाई खोज्छु मेरो सारा बलैले
तपाईं मेरो परमेश्वर, धेरै प्रेम...

D
१८१. परमेश्वरको राज खानपिनमा होइन,
A7
तर धार्मिकता, शान्ति, आनन्द
G
परमेश्वरको राज खानपिनमा होइन,
A7 D
तर धार्मिकता, शान्ति, आनन्द
G D A7 D
धार्मिकता, शान्ति र आनन्द पवित्र आत्मामा (२)

A E F#m D
१८२. जब म देख्छु तपाईंको महानता
A E F#m D
तपाईंको शक्ति, तपाईंको अनुग्रह
A E F#m D
मेरो जीवनमा म थाहा गर्छु

A E F#m D
म गाउँछु, रमाउँछु, कराउँछु हो...
A E F#m D
उत्साहित हुन्छु, तपाईंको स्तुति गाउन,
A E F#m D
उत्साहित हुन्छु, तपाईंको प्रशंसा गर्न
A E F#m D A
उत्साहित हुन्छु, तपाईंलाई उच्च पार्न..(२)लाई

कारण तपाईं मेरो प्रभु र राजा
मेरो एकमात्र आशा अनि भरोसा,
मेरो बल र चट्टान, मेरो सर्वस्व तपाई

म नाच्छु, उफ्रन्छु, कराउछु हो...
उत्साहित हुन्छु तपाईंको उपस्थितिमा आउन
उत्साहित हुन्छु तपाईं प्रभुलाई भेट्न
उत्साहित हुन्छु तपाईंलाई सदा प्रेम गर्न (२)लाई

A E F#m E D
१८३. मेरो येशू, मुक्तिदाता, तपाईं झैं छैन अरु
A G Bm E
मेरा सब दिन स्तुति गर्छु तपाईंको महान प्रेमको लागि
A E F#m E D
मेरो उत्साह र सुरक्षा, लुक्ने धरहरा र बल
A G Bm E
सास रहुन्जेल म तपाईंको, आराधना गरिरहन्छु
A F#m D A
कराऊ पृथ्वी हामी सबै मिली गाऔं
F#m D E
शक्ति र महिमा स्तुति राजालाई
A F#m D Bm
पहाड निहुरन्छ, समुन्द्र गर्जन्छ
E D E A F#m D A
येशूको नाउँ सुनेर, खुशीसाथ गाउँछु तपाईंको काममा
F#m D E
सधै प्रेम गर्छु, खडा हुन्छ तपाईंमा
A F#m D E A
दाँज्न सकिन्न प्रतिज्ञा जो छ तपाईंमा (२)

G C G
१८४.हामी तपाईंको मुहारको खोजी गर्छौं
C D G
यो देश निको पार्नोस भनि प्रार्थना गर्छौं
G C G
पिता हामीमा जागृति शुरु गर्नोस्
C D G
तपाईंको राज्य आएको सबैले जानोस्

C D G
परमप्रभुको नाउँ उचाल्छौं
C D G
शक्ति र एकतामा
C D G
यो राष्ट्र फर्किएको देख्छौं
C D G
छोएर स्वर्ग बदल्न नेपाल

हामी पछि नफर्कि दौडन्छौं
इनाम पाउन आफै समर्पित हुन्छौं
दिएको फसल हामी ग्रहण गर्छौं
आशू साथ छर्दै खुशी साथ कटनी गर्छौं ।
परमप्रभुको नाउँ...

C G C G
यो जागृति पठाउनुहोस्
C G D
यो जागृति हामीमा (३)

GD Em D G
१८५. बगाउनुहोस् x २, नदी जीवनको प्रभु x २
C D G
तपाईंको सिंहासनदेखि,
C D G Em
मेरो जीवनमा फेरी x २
C D GEm
प्रभु बगाउनुहोस् ममा x २

खन्याउहोस् x २, आत्मा हामी माथि x २
प्रतिज्ञा पूरा गर्नुहोस्,
मेरो जीवनमा तपाईंको x २
दर्शन दिनुहोस् मलाई x २

G D G
१८६. मुकुट पहिऱ्याउँछौं थुमा तपाईंलाई (२)
Em C D
तपाईंको मा अधिकार छ, सबै मोहोरहरु खोल्ने
Am D G Em
तपाईं मात्र शिद्ध, पवित्र, हामी धोइएका छौं,
C D G D C
थुमाको रगतले, हुन दुलही तपाईंको सदालाई

G Em C D G
१८७. झरिको प्रभु, तपाईंलाई पुकार्दछौं
Em C D G
झरिको प्रभु हामी प्यासी छौं
Em C G C D G
भरिको प्रभु, आउ, जागृत गराउनुहोस्
Em C G
झरिको प्रभु (२), आऊ
C D G Em C G
ताजा बनाउनुहोस्, झरिको प्रभु (२) आऊ
C D G
नयाँ जीवन ल्याउनुहोस्,
C D G
नयाँ दाखमद्य पियाउनुहोस् (२)
G C G Em/D/G/D/D/G/
आऊ झरि आऊ (३),
आऊ, आत्मा, आऊ (३)

E A B E
१८८.हे परमेश्वर आफ्ना शक्ति देखाउनुहोस्
A B A B E
अघि गरे झैं आफ्नो शक्ति फेरि देखाउनुहोस् (२)
E A E
१. प्रशंसाले पर्खिरहेछ, तपाईंलाई प्रभु
B E
प्रशंसा आफ्नो मण्डलीको ।
२. हर्षको गीतलाई निम्त्याउने, आनन्दको प्रभु
मानिसको आशा तपाईं हुनुहुन्छ ।
३. लाखौं-हजारौं रथहरुमा सवार हुने प्रभु
पवित्र स्थानमा आउनुहोस् ।

E A E B
१८९.तपाईंको आदर गर्ने चाहना,
E B
सम्पूर्ण हृदयको आराधना
E A E B
ममा भएका सबले म स्तुति गर्छु,
E B
मेरो सबै भक्ति छ तपाईंमा
E B A
प्रभु अर्पण गर्छु मेरो हृदय र प्राण
B E
तपाईंको लागि जिउँछु,
B A
जब सास म लिन्छु जागा हुन्छु तब
B E
तपाईंले चाहे झैं होस् ममा x २

G Em C G C Em Am D
१९०. हाम्रो एउटै चाहना हृदयको गहिर्‍याइमा सत्य हुनु
G Em C G C Em Am D
हाम्रो एउटै चाहना थुमाको रगतमा शुद्ध हुन
G Em C G C Em Am D
हाम्रो एउटै चाहना हाम्रो प्रभुलाई महिमा दिन
G C D C D G
पवित्र (४) हाम्रो परमेश्वर

हाम्रो एउटै चाहना येशूको जीवनमा साथ हुन
हाम्रो एउटै चाहना येशूको प्रेममा मग्न हुन
हाम्रो एउटै चाहना पवित्र दुलही उनको हुन
हाम्रो दुलहा (४) अब आउनुहोस् ।

D G D
१९१. जसै तिम्रो आराधना गर्छु
G A7
तिम्रो महिमित मुहारलाई हेर्छु
G Em A7 D
तिम्रो उपस्थिति भित्र जब पस्छु
G Em D
तिम्रो प्रेमको अनुभव गर्छु
G Em A7 D G Gb D
लागेका चोट र घात हृदयको निको हुन्छ
G Em D G A7 D
आत्मा र शरिरको रोग निको हुन्छ (२)

F Dm A# C F
१९२.म ठूलो सभामा उद्धारको सुसमाचार सुनाउनेछु
A# C7 F
मेरा ओठहरु म बन्द गर्ने छैन
Dm A# C F
म मेरो हृदयमा तपाईंको धार्मिकतालाई लुकाउदिन
A# C F
तपाईंको विश्वासयोग्यता म घोषणा गर्नेछु
Am Dm A# G#m
तपाईंको प्रेम, सत्यता म सदा गाउनेछु
D# C C7 F
तपाईंको प्रेम कृपामा म हर्षित हुनेछु
Dm C7 F
र गाउँनेछु सुरक्षित छु यो प्रेममा ।

D A Bm D
१९३.मेरा ओठले तपाईंको प्रशंसा गरुन्
G A7 D G D A7 (D7)
कारण तपाईंले आफ्ना नियमहरु मलाई सिकाउनुहुन्छ
G A7 D Bm
मेरो जिब्रोले तपाईंको भजन गाऊन्
G A7 D D7
कारण तपाईंका आज्ञाहरु धार्मिक छन्
G A7 D Bm
मेरो जिब्रोले तपाईंको भजन गाऊन
G A7 D
कारण तपाईंका आज्ञा धार्मिक छन्

C F
१९४. येशूले मलाई जीवन दिनुभो
G C
येशूले मलाई जीवन दिनुभो (२)
F
यसैकारण गाउनेछु, सबलाई सुनाउनेछु
G C
एउटै राजा येशू ख्रीष्ट नै हुन् (२)
F
हल्लेलूयाह, आमेन, हल्लेलूयाह
G C
हल्लेलूयाह, आमेन, हल्लेलूयाह (२)

येशूले मलाई मुक्ति दिनुभो (४)
येशूले मलाई शान्ति दिनुभो (४)
येशूले मलाई आनन्द दिनुभो (४)

G D C D
१९५. जसै तपाईंको शक्तिको घोषणा गर्छौं
Em D C Am D
जसै तपाईंको नाउँको प्रशंसा गर्छौं x २
G D Em
टुटेको हृदय जोड्नुहोस्,
C Am D
बन्धन सब फुकाउनुहोस्
G D Em
अन्धकार हटाउनुहोस्
C D G Em C D G
(होसन्ना मारानाथा, होसन्ना मारानाथा) x२

जसै तपाईंमा साह्रै खुशी हुन्छौं,
जसै तपाईंमा हृदय रमाउँदछ x २
हर्षको तेल खन्याउनुहोस्,
धार्मिकता पहिर्‍याउनुहोस्
अभिषेक पठाउनुहोस्,
(होसन्ना मारानाथा x२) x२
आउनुहोस् हे येशू.... x २